# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, माघ २५ गते, २०८१ साल (संख्या९

भाग ३

मधेश प्रदेश सरकार

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको

सूचना

## महिला कृषि स्वयंसेविका परिचालन कार्यविधि, २०८१

**प्रस्तावनाः** कृषि क्षेत्रमा महिला स्वयंसेविका परिचालनको माध्यमबाट किसान र कृषि प्राविधिकहरुबीच नियमित

सञ्चार, समन्वय र सहजीकरण, स्थानिय तह र प्रदेश सरकारबाट कृषि क्षेत्रसँग सम्बन्धित प्रवाह गरिने विभिन्न सेवा तथा कार्यक्रमहरुबिच समान्जस्यता ल्याउन र अन्तरसम्बन्ध कायम गरी मधेश प्रदेशको समग्र कृषि प्रवर्द्धन र विकासको लागि “मधेश प्रदेश विनियोजन ऐन, २०८१” को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम महिला कृषि स्वयंसेविका परिचालन कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यविधि"** भन्नाले महिला कृषि स्वयंसेविका परिचालन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले मधेश प्रदेश अन्तर्गतका जिल्लाहरू स्थित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी

गृह मन्त्रालय तथा कानून मन्त्रालय

अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ग) **"कृषि"** भन्नाले कृषि, पशुपन्छी र मत्स्य क्षेत्र सम्झनु पर्छ ।

(घ) **"छनौट समिति"** भन्नाले दफा ६ को उपदफा (३) बमोजिम गठित छनौट समिति सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(च)**"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"स्वयंसेविका"** भन्नाले यस कार्यविधि अनुसार परिचालन गरिने महिला कृषि स्वयंसेविका सम्झनु पर्छ ।

गृह मन्त्रालय तथा कानून मन्त्रालय

## परिच्छेद—२
## स्वयंसेविका छनौट र परिचालन

**३. स्वयंसेविकाको संख्या निर्धारणः** (१) यस कार्यविधि बमोजिम प्रदेशको सबै स्थानीय तहको प्रत्येक वडामा क्रमशः स्वयंसेविका छनौट गरी परिचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वयंसेविका परिचालन कार्यक्रमको कार्यान्वयन प्रदेश अन्तर्गतका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा सञ्चालन हुनेछ ।

(३) वडा छनौटका आधारहरु अनुसूची-१ बमोजिम हुनेछ ।

**४. स्वयंसेविकाको योग्यताः** यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेविकाहरुको योग्यता देहाय बमोजिम हुनेछः

(क) अठार वर्ष पुरा भई चालिस वर्ष ननाघेको महिला नेपाली नागरिक

(ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तिमा SEE वा सो सरह उत्तीर्ण भएको

(ग) कुनै सार्वजनिक लाभको पदमा बहाल नरहेको



गृह मन्त्रालय तथा कानून मन्त्रालय

(घ) सम्बन्धित स्थानीय तहको बासिन्दा हुनुपर्ने

५. **स्वयंसेविका छनौटको आधारः** (१) यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेविकाको छनौट अनुसूचि-२ को आधार बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसूची -२ अनुसारको प्रथम चरणमा छनौट भएका आवेदकहरुलाई मात्र द्वितीय चरणको प्रक्रियामा सहभागी गराईनेछ ।

६. **स्वयंसेविकाको लागि माँग सङ्कलन तथा छनौट प्रक्रियाः** (१) मन्त्रालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा पन्ध्र दिने सूचना प्रकाशन गरी कार्यालय मार्फत आवेदन सङ्कलन गर्नु पर्नेछ र सो को जानकारी वेबसाईटमा समेत राखु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार दफा (४) बमोजिमको योग्यता पुगेको इच्छुक व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा रितपूर्वक भरेको आवेदन फारम छनौट समितिको सचिवालयमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित कार्यालयले देहाय बमोजिम छनौट समितिको सचिवालयको रूपमा काम गर्नु पर्नेछ ।

(क) मन्त्रालयले तोकेको जिल्ला स्थित कार्यालयको प्रमुख -अध्यक्ष

(ख) अधिकृतस्तर प्रतिनिधि, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित निर्देशनालय -सदस्य

(घ) प्रतिनिधि, सम्बन्धित जिल्ला हेर्ने प्रदेश कोष लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला स्थित कार्यालय सदस्य - सचिव

(४) उपदफा (२) बमोजिम प्राप्त हुन आएका आवेदनहरुको सूचीकरण देहाय बमोजिम गर्नु पर्नेछ।

(क) सचिवालयलाई प्राप्त आवेदन रुजु र सो उपर छानबिन गरी स्वीकृत भएका आवेदनहरुलाई सूचीकरण गर्ने,

(ख) स्वीकृत भएका आवेदकहरुको अनुसूची-२(क) र (ख) बमोजिम मुल्यांकन तथा छनौट प्रक्रिया पुरा गरि योग्यताक्रम अनुसार मन्त्रालयमा पेश गर्ने।

(५) उपदफा ४ (ख) बमोजिम पेश भएको योग्यताक्रम उपर मन्त्रालयले स्वीकृत गरी



गृह सञ्चार तथा कानून मन्त्रालय

नामावली मन्त्रालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा ३ बमोजिम गठित समितिले सम्पूर्ण छनौट प्रक्रियाको पारदर्शिता र उत्तरदायित्व वहन गर्नु पर्नेछ ।

७. **सम्झौता गर्नु पर्नेः** (१) छनौट भएका स्वयंसेविकासँग गरिने सम्झौतापत्रको ढाँचा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) छनौट भएको कृषि स्वयंसेविकालाई अनुसूची -४ बमोजिमको ढाँचामा सम्बन्धित मन्त्रालयले परिचालन पत्र वितरण गर्नुपर्नेछ ।

८. **सम्झौता रद्द हुनेः** (१) स्वयंसेवा सम्बन्धी सम्झौता पत्र देहायको अवस्थामा रद्द हुनेछः

(क) स्वयंसेविकाले सम्झौता पत्र रद्द गर्न मन्त्रालय समक्ष कारण खुलाई राजिनामा दिएमा,

(ख) सम्झौता बमोजिमको अवधि समाप्त भई नवीकरण नभएमा,

(ग)स्वयंसेविकाको कार्यसम्पादन सन्तोषजनक नभएमा।

## परिच्छेद—३

## स्वयंसेविकाको सेवा शर्त र सुविधाहरु

गृह मन्त्रालय तथा कानून मन्त्रालय

९. **स्वयंसेविकाको सेवा शर्तः** (१) स्वयंसेविकाको सेवा अवधि आवश्यकताको आधारमा बढीमा एक आर्थिक वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाको कार्य सन्तोषजनक भएमा प्रत्येक आर्थिक वर्षको स्वयंसेविका सम्बन्धी स्वीकृत कार्यक्रम र बजेट विनियोजनको आधारमा म्याद थप गर्न सकिनेछ ।

१०. **स्वयंसेविकालाई दिइने सुविधाः** (१) स्वयंसेविकालाई वार्षिक रुपमा विनियोजित रकमबाट अनुसूची -५ बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

(२) स्वयंसेविकाले पाउने मौद्रिक सुविधा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले सम्बन्धित स्वयंसेविकाको व्यक्तिगत बैङ्क खातामा उपलब्ध गराउनेछ ।

११. **स्वयंसेविकाको कार्य विवरणः** स्वयंसेविकाको कार्यविवरण देहाय बमोजिम हुनेछः

(क) मन्त्रालय र मातहतका निकायहरुबाट वार्षिक रुपमा सञ्चालन हुने कार्यक्रमहरुको बारेमा कृषक वर्गमा समयमै जानकारी गराई कागजी दस्तावेजहरू तयारीको विषयमा आवश्यक सहयोग गर्ने/गराउने

(ख) मन्त्रालय र मातहतका निकायहरुबाट सम्बन्धित वडामा सञ्चालन भई सकेका कार्यक्रमहरुको अवस्था, हाल सञ्चालनमा रहेका कार्यक्रमको प्रगति र निकट भविष्यमा सञ्चालन हुने कार्यक्रमको आवश्यकता र औचित्यको बारेमा सम्बन्धित निकायमा समयमै जानकारी गराउने,

(ग) टेलिफोन मार्फत समाधान गर्न सकिने किसानका दैनिक समस्याहरु समाधान गर्न कृषि प्रविधिकहरुसँग प्रत्यक्ष सञ्चार मार्फत सम्पर्क गर्ने/गराउने,

(घ) किसानका समस्याहरु समाधान गर्नको लागि आवश्यकता अनुसार स्थानीय तह, प्रदेश र संघका मन्त्रालय मातहतका कार्यालयहरुको प्राविधिकहरुलाई समस्याबारे जानकारी गराउने,

(ङ) किसान र कृषि प्राविधिकहरुबीच नियमित सञ्चार, समन्वय र सहजीकरणमा भूमिका निर्वाह गर्ने,

(च) प्रयोगशालामा आधारित रोग निदान, वस्तुभाउलाई जुकाको औषधि खुवाउने, बाह्य परजिवी नियन्त्रण, खोप लगाउने, बाली तथा पशुधन बिमा, माटो परीक्षण

बारेको आवश्यकता र महत्व, र विषादिको प्रभाव तथा औषधि अवशेषको जनस्वास्थ्यमा दुष्प्रभाव बारे किसानहरुलाई सचेतनामुलक जानकारी गराउने,

(छ) माटो परीक्षणमा सहयोग गर्ने,

(ज) रोगको महामारीको विषयमा सम्बन्धित निकायलाई यथाशीघ्र छिटो छरितो माध्यमबाट जानकारी गराउने,

(झ) स्थानिय सम्भावना र समस्याहरुको बारेमा सम्बन्धित निकायमा जानकारी गराउने,

(ञ) किसानहरुको लागि कृषि सम्बन्धी सचेतनामुलक क्रियाकलापहरू सञ्चालन गर्ने र गर्नमा सहयोग गर्ने ।

(ट) मन्त्रालय तथा मातहतका कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद—४
## विविध

**१२. संयोजक सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले तोकेको कार्यालयको कार्यालय प्रमुखले संयोजकको भूमिका निर्वाह गरी देहायका कार्यहरु गराउने ।

(क) स्वयंसेविकाहरुको कामको अनुगमन गर्ने र पृष्ठपोषण दिने,

(ख) स्वयंसेविकाहरुलाई आवश्यक निर्देशन दिने,

(ग) स्वयंसेविकाहरुको काममा सहजीकरण हुने गरी अन्य निकायहरुसँग समन्वय गर्ने,

(घ) स्वयंसेविका परिचालन गर्नु पुर्व स्वयंसेविकाहरुलाई अभिमुखीकरण तालिम प्रदान गर्ने ।

१३. **अनुगमन गर्न सक्नेः** (१) स्वयंसेविकाले गरेका कार्यहरूको अनुगमन मन्त्रालय मातहतका कार्यालयहरु र मन्त्रालयले जुनसुकै समयमा अनुमगन गरी निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु स्वयंसेविकाको दायित्व हुनेछ ।

१४. **प्रतिवेदन तयार गर्नु पर्नेः** (१) स्वयंसेविकाले आफूले गरेको दैनिक कार्यहरूको विवरण मन्त्रालयले निर्धारण गरेको ढाँचामा Day-Book तयार गर्नु पर्नेछ।

(२) स्वयंसेविकाले मासिक रुपमा सम्बन्धित संयोजक समक्ष प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) संयोजकले उपदफा (२) बमोजिम प्राप्त मासिक प्रतिवेदन सम्बन्धित निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१५. **प्रचलित कानून लागु हुनेः** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

गृह सञ्चार तथा कानून मन्त्रालय

## अनुसूची -१

## दफा ३ को उपदफा (३) सँग सम्बन्धित

## वडा छनौटका आधारहरु

(१) कृषि सेवा अन्तर्गतका कृषि, भेटेरिनरी तथा मत्स्य तर्फको जनशक्ति उपलबध्ता

(२) कृषि जन्य उत्पादन र बजारिकरणको अवस्था

(३) व्यवसायिकता, उद्यमशिलता तथा मूल्यश्रृंखला विकास

(४) सम्बन्धित सेवा प्रदायक संस्थाको उपलबध्ता

(५) भौगोलिक सुगमता

(६) सेवा प्रदायक संस्थासम्म सेवाग्राही/जनसमुदायको पहुँच

गृह सञ्चार तथा कानून मन्त्रालय

# अनुसूची-२

## दफा ५ सँग सम्बन्धित

## स्वयंसेविकाहरुको मूल्याङ्कन तथा सिफारिसका आधारहरु

| क्र.स. | विवरण | जम्मा अङ्क | अङ्क विभाजन |
|---|---|---|---|
| | | **प्रथम चरण** | |
| १ | शैक्षिक योग्यता | ३० | SEE वा सो सरह-२५<br>कृषि विषय लिई SEE वा सो सरह-३० |
| २ | सम्बन्धित विषयमा सरकारी निकायबाट लिइएको तालिम | १० | १ हप्ते वा सो भन्दा बढि अवधिको तालिम- १० |
| ३ | कृषि सेवासँग सम्बन्धित सरकारी निकायमा काम गरेको अनुभव | १० | ३ महिना सम्म १० |
| | जम्मा | ५० | |
| | | **द्वितीय चरण** | |
| ४ | अन्तरवार्ता | १०० | अधिकतम ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क दिंदा कारण खुलाउनु पर्नेछ। |
| | जम्मा | १०० | |

| | | |
|---|---|---|
| **कुल जम्मा (प्रथम चरण+ द्वितीय चरण)** | १५० | |

गृह सञ्चार तथा कानून मन्त्रालय

**अनुसूची-३**

**दफा ६ को उपदफा (२) सँग सम्बन्धित**

**महिला कृषि स्वयंसेविका**

**दरखास्त फाराम**

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| --- |

**क. उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरणः**

(१) सूचना नं............................

(२) सेवा गर्न चाहेको क्षेत्रः

(क) स्थानीय तहको नामः (ख) वडा नम्बरः

**ख. उम्मेदवारको व्यक्तिगत विवरणः**

१.नाम, थर (देवनागरीमा)......................................................................

(अंग्रेजी ठूलो अक्षरमा)..........................................................................

२. नागरिकता नं............................जारी गर्ने जिल्ला.................... जारी गरेको मिति.....................

३. जन्म मितिः..................................................हालको उमेर.......वर्ष........महिना

गृह सञ्चार तथा कानुन मन्त्रालय

४. स्थायी ठेगानाः-

पालिकाको नामः-..........................................वडा नं.............टोलः-..................

५. पत्राचार गर्ने ठेगाना ...................................................................

६. ईमेल ठेगानाः...........................................................................

७. फोन नं.........................................................

८. बुवाको नाम, थरः........................................................................................

९. आमाको नाम, थरः......................................................................................

१०.बाजेको नाम, थरः.......................................................................................

**ग. शैक्षिक योग्यता**

| शैक्षिक योग्यता | बोर्ड/परिषद | शैक्षिक उपाधि | श्रेणी/प्रतिशत/जि.पि.ए. | मूल विषय |
|---|---|---|---|---|
| | | | | |

**घ.सरकारी निकायबाट कृषि/पशुपन्छी तथा मत्स्य विषयमा लिईएको तालिम**

| तालिमको नाम | तालिन दिने निकाय | तालिमको अवधि |
|---|---|---|
| | | |

**ङ. सरकारी निकायमा काम गरेको अनुभव**

गृह मन्त्रालय तथा कानुन मन्त्रालय

| कामको नाम | काम गर्ने निकाय | कामको अवधि |
| --- | --- | --- |
| | | |

नोटः शैक्षिक योग्यताको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ | उम्मेदवारको दस्तखतः |
| --- | --- | --- |
| | | मितिः |

गृह सञ्चार तथा कानून मन्त्रालय

# अनुसूची-४

## दफा ७ को उपदफा (२) सँग सम्बन्धित
## महिला कृषि स्वयंसेविका परिचालनपत्र
## भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## मधेश प्रदेश

पत्र संख्याः

चलानी नः

मितिः

विषयः परिचालन सम्बन्धमा ।

महाशय,

महिला कृषि स्वयंसेविका छनौट समिति,.........जिल्लाको सिफारिस र यस मन्त्रालयको मिति................को निर्णय अनुसार...................गाउँपालिका/नगरपालिकाको वडा नम्बर.......... मा कार्य क्षेत्र रहने गरी तपाईंलाई महिला कृषि स्वयंसेविकाको रुपमा मिति................सम्मका लागि स्वयंसेविकाको रूपमा कामकाज गर्न यो परिचालन पत्र प्रदान गरिएको छ ।

महिला कृषि स्वयंसेविकाको रूपमा छनौट हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ।

श्री..........................................................

ठेगानाः.................................................

......................

प्रदेश सचिव

गृह सञ्चार तथा कानुन मन्त्रालय

# अनुसूची-५
## दफा १० को उपदफा (१) सँग सम्बन्धित
## स्वयंसेविकाको सुविधा

| क.स. | विवरण | मासिक | वार्षिक | कैफियत |
|---|---|---|---|---|
| १ | यातायात तथा खाजा खर्च | रु. ७००० | | |
| २ | फिल्ड भत्ता | रु. ५००० | | |
| ३ | पोशाक खर्च | | रु. ३००० | मन्त्रालयले निर्धारण गरे बमोजिमको पोशाक |
| ४ | स्टेशनरी खर्च | | रु. १५०० | |
| ५ | सञ्चार सुविधा | रु. २०० | | |
| | जम्मा | रु. १२२०० | रु.४५०० | |

गृह सञ्चार तथा कानून मन्त्रालय

आज्ञाले,
डा.विनय कुमार कर्ण
प्रदेश सचिव

गृह सञ्चार तथा कानुन मन्त्रालय